## कार्य विभाजन

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ मा मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ भन्ने व्यवस्था छ । अनुसूची -२ को बुदा नं. ६ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट सम्पादन हुने कार्यहरु तपशिल बमोजिम हुने गरी ६२ वटा बुंदाहरुमा उल्लेख गरिएको छ ।

तपशिल

| बुंदा नं. | कार्य जिम्मेवारी |
|---|---|
| १ | व्यापार/बाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, |
| २ | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन, |
| ३ | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, |
| ४ | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका कारारजन्य सम्झौता, |
| ५ | व्यापारिक फर्महरुको दर्ता, नविकरण, खारेजी र नियमन, |
| ६ | खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगन संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय, |
| ७ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सासम्बन्धी |
| ८ | कलकारखाना र औद्योगिकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ९ | उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन, |
| १० | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकाससम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार, |
| ११ | औद्योगिक वस्तुको निर्यात प्रवर्धन, |
| १२ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| १३ | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन, |
| १४ | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, |
| १५ | संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन, |
| १६ | उपभोक्ता अदालत गठन र सञ्चालन, |
| १७ | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था |
| १८ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन, |
| १९ | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, |

| | |
|---|---|
| २० | संघसंगको समन्वयमा कम्पनी स्थापनासम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन, |
| २१ | दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २२ | प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन, |
| २३ | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन, |
| २४ | संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता अनुमति र नियमन सम्बन्धी, |
| २५ | प्रदेश भित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २६ | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन, |
| २७ | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग, |
| २८ | स्वरोजगारका लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाथ प्रवर्धन सहायता, |
| २९ | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्धन र नियमन, |
| ३० | पर्यटक प्रहरी व्यवस्थापन, |
| ३१ | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टि· आदिको दर्ता, अनुमति, नवीकरण र नियमन, |
| ३२ | प्रदेश स्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ३३ | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण, |
| ३४ | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्वन्धी प्रादेशिक सङग्रहालय व्यवस्थापन, |
| ३५ | प्रदेश स्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |
| ३६ | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन, |
| ३७ | जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्वन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसंधान तथा तथ्याङ्क संकलन |
| ३८ | वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह, |
| ३९ | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग, |
| ४० | प्रदेश स्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन |
| ४१ | प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बा‘‘डफा‘‘ड, |
| ४२ | प्रदेश स्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन |
| ४३ | प्रदेशभित्र भूस्खलन नियन्त्रण, |
| ४४ | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छतासम्बन्धी प्रविधि विकास र व्यवस्थापन, |
| ४५ | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, |

| | |
|---|---|
| ४६ | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना, |
| ४७ | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार, |
| ४८ | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन, |
| ४९ | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतिय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वियन, अनुगमन र नियन्त्रण, |
| ५० | प्रदेशस्तरमा न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरितक्षेत्र प्रवर्धन, |
| ५१ | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्धन, |
| ५२ | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण, |
| ५३ | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन, |
| ५४ | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण, |
| ५५ | अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन, |
| ५६ | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन, |
| ५७ | प्रदेश भित्र वृक्षारोपण तथा संभार सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वियन र नियमन, |
| ५८ | प्रदेश भित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी व्यवस्थापन, |
| ५९ | वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वियन र नियमन, |
| ६० | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग, |
| ६१ | वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास, |
| ६२ | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन । |